# मादी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कास्की

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९

मिति : २०७८/०६/२२

विषय : **प्रेस विज्ञप्ति ।**

नेपाल सरकारबाट मिति २०७८ जेठ १५ गते जारी भएको आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्यको बुँदा नं २१६ मा- **प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरे बमोजिमको रु. १५ हजार न्यूनतम मासिक पारिश्रमिक उपलब्ध गराइनेछ । नेपाल सरकारले हाल उपलब्ध गराउँदै आएको मासिक पारिश्रमिकमा वृद्धि गरी रु ८ हजार पुऱ्याएको छु । न्यूनतम पारिश्रमिक भन्दा कम हुन आउने रकम सम्बन्धित स्थानीय तहले व्यहोर्ने व्यवस्था मिलाइनेछ** भन्ने उल्लेख भएको भएपनि सरकार परिवर्तन भएसंगै स्वीकृत प्रतिस्थापन बजेटमा प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीको पारिश्रमिकको सम्बन्धमा स्पष्ट व्याख्या नभएको र नेपाल सरकारबाट प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीको नयाँ तलबमान (स्केल) स्वीकृत भै नआएको, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट चालु आ.व. को **कार्यक्रम कार्यान्वयन पुस्तिका** समेत स्वीकृत भैनसकेको तथा पालिकालाई प्राप्त भएको सशर्ततर्फको अख्तियारीमा समेत प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीको पारिश्रमिक लगायतका अन्य कार्यक्रममा क्रियाकलाप अनुसारको अनुदान कटौती भई आएको विषय समेत स्पष्ट पार्न चाहन्छु ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी गरिनुपर्ने चालु आ.व. को **कार्यक्रम कार्यान्वयन पुस्तिका** बाट मिति २०७८ जेठ १५ गते जारी भएको आर्थिक वर्ष २०७८/०७९को बजेट वक्तव्यमा प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीको न्यूनतम पारिश्रमिक भन्दा कम हुन आउने रकम सम्बन्धित स्थानीय तहले व्यहोर्ने उल्लेख भई आएमा सो को व्यवस्थापनका लागि हाम्रो गाउँपालिकाबाट रु. ८७ लाख ५० हजार बजेट विनियोजन गरिएको विषय सम्वन्धित सबैमा निवेदन गर्न चाहन्छु ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट चालु आ.व. को **कार्यक्रम कार्यान्वयन पुस्तिका** जारी नभएको, प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीको नयाँ तलबमान (स्केल) कायम नभएको, नेपाल सरकारबाट थप हुने भनिएको रु. २ हजार समेत प्राप्त नभएकोले गाउँपालिकाबाट विनियोजन भएको रकम पठाउन नसकिएको स्पष्ट पार्न चाहन्छु । साथै **कार्यक्रम कार्यान्वयन पुस्तिका** प्राप्त भएपश्चात् नेपाल सरकारबाट प्राप्त हुने अनुदान र पालिकाबाट विनियोजित रकम समेत थप गरी एकमुष्ठ रुपमा पठाइने व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

तलब भत्ताको विषयलाई लिएर गैरजिम्मेवारपूर्ण तथा अराजक तवरले सामाजिक सञ्जालमा अतिरञ्जित गर्ने क्रियाकलाप नगर्नु हुन र अनावश्यक भ्रममा नपर्नु हुन सम्बन्धित सबैमा अनुरोध गर्दै बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीको न्यूनतम पारिश्रमिकको विषयमा गाउँपालिका सदैव कर्मचारीको साथमा रहेकाले उच्च मनोबलसहित आ-आफ्नो जिम्मेवारी पूरा गर्न बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीहरुलाई अनुरोधका साथ संघीय सरकारबाट यस विषयमा छिटो भन्दा छिटो निर्णय गराउन पहल गर्न सम्पूर्ण राजनीतिक दल, शिक्षक संघ-संगठन सबैमा हार्दिक अपिल गर्दछु ।

वेद बहादुर गुरुङ

अध्यक्ष